पौवादुङमा गाउँ कार्यपालिकाको कार्यालय
च्याङ्ग्रे, भोजपुर
कोशी प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको ८ (आठौ) बैठक / २०८२/०८३

मिति : २०८२ साल मंसिर १७ गते बुधबार — समय : बिहान : ७ :३० बजे

अध्यक्षता : श्री किरण राई ( गाउँपालिका अध्यक्ष ) — स्थान : पौवादुङमा गाउँपालिका

उपस्थिती

| क्र. सं. | पदाधिकारीको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | किरण राई | अध्यक्ष | |
| २ | ज्योत्सना राई | उपाध्यक्ष | |
| ३ | राजेन्द्र तामाङ | सदस्य | |
| ४ | हरेन्द्र बहादुर पौडेल | सदस्य | अनुपस्थित |
| ५ | तिर्थ बहादुर कार्की | सदस्य | |
| ६ | रमेश राई | सदस्य | |
| ७ | बोम प्रसाद राई | सदस्य | |
| ८ | दक्ष कुमार राई | सदस्य | अनुपस्थित |
| ९ | पोसी शेर्पा | सदस्य | अनुपस्थित |
| १० | ईन्दिरा भट्टराई | सदस्य | अनुपस्थित |
| ११ | पवित्र भुजेल | सदस्य | |
| १२ | लक्ष्मी तामाङ के. सी. | सदस्य | |
| १३ | अमित देवी राई | सदस्य | अनुपस्थित |
| १४ | गोमा बोहोरा (सार्की) | सदस्य | Goma |
| १५ | नविन भट्टराई | सदस्य सचिव | |

सचिवालय सहयोगी कर्मचारी

१. बैठक व्यवस्थापन तथा माईन्यूट सहयोगी श्री बुद्धिमान तामाङ

अन्य आमान्त्रित

प्रस्तावहरु

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।

२. च्याङ्ग्रेदेखि डिपबोरिङ्ग र डिपबोरिङ्गदेखि बास्तीम खण्डको ठेक्का सम्वन्धमा ।

३. हरियो जस्तापाताको ठेक्का सम्झौता सम्वन्धमा ।

४. सामुदायिक बिद्यालयको लेखा परीक्षण सम्वन्धमा ।

५. किरातराई दुङमाली भाषा मञ्चको केन्द्रीय कार्यालय निर्माणको ठेक्का आह्वान सम्वन्धमा ।

६. अन्य विविध प्रस्ताव सम्वन्धमा ।

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

किरण राई
अध्यक्ष

मिति २०८२ साल मंसिर १७ मा सम्पन्न ८ (आठौं) कार्यपालिका बैठकबाट पारीत निर्णयहरु :

निर्णय नं. १

गाउँ कार्यपालिकाको सातौ बैठकबाट पारीत निर्णयहरु कार्यान्वयनको सन्दर्भमा समिक्षात्मक छलफल भई जानकारी भयो ।

निर्णय नं. २ (क)

चालु आ. व. ०८२/०८३ को लागि विनियोजित च्याङ्ग्रे देखि डिपबोरिङ्ग सम्म सडक कालोपत्रे (पञ्चकन्या कृषि सडक) स्तरोन्नती संघीय समपुरक अनुदान तर्फबाट रु. एक करोड चालिस लाख र यस गाउँपालिकाबाट संघीय सरकारसंग साझेदारीका लागि रु. एक करोड दश लाख गरी जम्मा बजेट रु. दुई करोड पचास लाख विनियोजित बजेटको पौवादुङमा गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १४ बमोजिम आ. व. २०८२/०८३ मा सम्पन्न गर्ने गरी रु. दुई करोड अठ्चालिस लाख त्रिपन्न हजार आठ सय तेत्तिस रुपैया बयासी पैसाको लागत अनुमान स्वीकृत गरी ठेक्का आह्वान गरी मूल्याङ्कन सम्पन्न भई आशयको सूचना सम्म निकालिएकोमा आन्तरीक बजेट कटौतीका कारण सार्वजनिक खरीद ऐन, २०६३ को दफा २६ (५) बमोजिम बोलपत्र आह्वान गर्दा कुनै पनि बोलपत्र नपरी वा उपदफा १ बमोजिम सम्पूर्ण बोलपत्र अस्वीकृत वा खरिद कारवाही रद्द भई पून : बोलपत्र आह्वान गर्दा त्यसरी बोलपत्र अस्वीकृत वा खरिद कार्य रद्द हुनको कारणको समिक्षा गरी आवश्यकता अनुसार बोलपत्र सम्वन्धी कागाजात ( प्राविधिक स्फेसिकेशन) लागत अनुमान तथा खरिद सम्झौताका शर्तहरुमा हेरफेर समेत गर्नु पर्नेछ, साथै बिड डकुमेन्टको 37.1 The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all Bids at any time prior to contract award, without thereby incurring any liability to Bidders. In case of annulment, all Bids submitted and specifically, bid securities, shall be promptly returned to the Bidders. उल्लेख भएको हुँदा हालसम्मको प्रकृयालाई स्थगन गरी पून : रु. दुई करोड सोह्र लाख पन्चानब्बे हजार दुई सय त्रिपन्न रुपैया पचहत्तर पैसाको ठेक्का आह्वान गर्ने सर्व सम्मत निर्णय गरियो ।

(ख) चालु आ. व. ०८२/०८३ को लागि विनियोजित डिपबोरिङ्ग देखि बास्तीम सडक कालोपत्रे (पञ्चकन्या कृषि सडक ) स्तरोन्नती प्रदेश समपुरक अनुदान तर्फबाट रु. एक करोड साठी लाख र यस गाउँपालिकाबाट प्रदेश सरकारसंग साझेदारीका लागि रु. नब्बे लाख गरी जम्मा बजेट रु. दुई करोड पचास लाख विनियोजित बजेटको पौवादुङमा गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १४ बमोजिम आ. व. २०८२/०८३ मा सम्पन्न गर्ने गरी रु. दुई करोड उनान्पचास लाख साठी हजार छत्तिस रुपैया नब्बे पैसाको लागत अनुमान स्वीकृत गरी ठेक्का आह्वान गरी मूल्याङ्कन सम्पन्न भई आशयको सूचना सम्म निकालिएकोमा आन्तरीक बजेट कटौतीका कारण सार्वजनिक खरीद ऐन, २०६३ को दफा २६ (५) बमोजिम बोलपत्र आह्वान गर्दा कुनै पनि बोलपत्र नपरी वा उपदफा १ बमोजिम सम्पूर्ण बोलपत्र अस्वीकृत वा खरिद कारवाही रद्द भई पून : बोलपत्र आह्वान गर्दा त्यसरी बोलपत्र अस्वीकृत वा खरिद कार्य रद्द हुनको कारणको समिक्षा गरी आवश्यकता अनुसार बोलपत्र सम्वन्धी कागाजात ( प्राविधिक स्फेसिकेशन) लागत अनुमान तथा खरिद सम्झौताका शर्तहरुमा हेरफेर समेत गर्नु पर्नेछ, साथै बिड डकुमेन्टको 37.1 The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all Bids at any time prior to contract award, without thereby incurring any liability to Bidders. In case of annulment, all Bids submitted and specifically, bid securities, shall be promptly returned to the Bidders. उल्लेख भएको हुँदा हालसम्मको प्रकृयालाई स्थगन गरी पून : रु. दुई करोड एकचालिस लाख अठ्चालिस हजार चार सय उनान्नसी रुपैया को ठेक्का आह्वान गर्ने सर्व सम्मत निर्णय गरियो ।

नविन भट्टराई
प्रशासकीय अधिकृत

किरण राई

निर्णय नं. ३

कार्यालयको प्रकाशित सूचना अनुसार हरियो जस्तापाता खरिद सम्वन्धी बोलपत्र नियमानुसार मूल्याङ्कन गर्दा न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र हुलास स्टीलको प्रति के. जी. मूल्य रु. १५८.७९ र दोश्रो बोलपत्र स्टार कन्स्ट्रक्सनको प्रति के. जी. मूल्य रु. १७३.१६ कायम हुन आएकोले हुलास स्टील न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको पाईएकोले सार्वजनिक खरिद नियमावलीको नियम ६१ को उपनियम ६ बमोजिम हुलास स्टीलको बोलपत्र स्वीकृत गरी खरिद सम्झौताको प्रकृया अगाडी बढाउने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ४

गाउँ कार्यपालिका क्षेत्रभित्र संचालित सामुदायिक बिद्यालयहरुको आ. व. २०८१/०८२ को आर्थिक कारोवार सम्वन्धी आधिकारीक लेखा परीक्षण गर्न कार्यालयमा सूचिकृत भएका नेपाल चार्टडर्स एकाउण्टेन्ट संस्थाबाट मान्यता प्राप्त देहायका लेखा परीक्षकहरुलाई लेखा परीक्षकमा नियुक्ति दिई लेखा परीक्षण गर्ने गराउने सर्व सम्मत निर्णय गरियो ।

देहाय :

१. शेर्पा एशोसियड्स भोजपुर - ७ (पासाङ शेर्पा ले. प. प्र. नं. ७५७)

२. एल. कुँवर एण्ड एशोसिएटस् धनकुटा देब्रेबास न. पा. ४ धनकुटा (लोकेन्द्र कुँवर ले. प. प्र. नं. ०७५२)

३. लामा एण्ड एसोसियेटस महालक्ष्मी न. पा. १, ललितपुर (बुद्धि बहादुर लामा ले. प. प्र. नं. ३६८८)

४. आर. बि. जिमी राई एण्ड एसोसिएटस धनकुटा न. पा. ४, धनकुटा (रत्न बहादुर जिमी राई ले. प. प्र. नं.१२७२)

निर्णय नं. ५

गाउँपालिकाको आ. व. ०८२/०८३ को लागि स्वीकृत बार्षिक कार्यक्रम तथा आयोजनाहरु सरकारबाट घोषणा गरिएको २०८२ साल फाल्गुण २१ को मध्यवधी निर्वाचनको आचार सहिंता जारी हुनु अगावै संचालन गर्ने गरी सम्झौता प्रक्रिया अगाडी बढाउन वडा कार्यालय तगा उपभोक्ता बर्गमा जानकारी गराउने सर्ब सम्मत निर्णय गरियो ।

निर्णय नं. ६

गाउँपालिकाको भवन तथा शहरी विकास कार्यक्रम अन्तरगत स्वीकृत किरात राई दुङमाली भाषा मञ्च केन्द्रीय कार्यालय अधुरो भवन निर्माणका लागि बिनियोजित बजेट रु. २०,००,०००।- (बिस लाख) को ३०% प्रतिशत लागत साझेदारी कायम गरी जम्मा रु. २६,००,०००।- (छब्बिस लाख) को ठेक्का आह्वान गर्ने सर्ब सम्मत निर्णय गरियो ।

निर्णय नं. ७

खानेपानी सरसफाई स्वच्छता योजना तयारीका लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न मापदण्ड अनुसार आवश्यक गणक छनौट कार्य अगाडी बढाउने सर्ब सम्मत निर्णय गरियो ।

प्रस्तुत प्रस्ताव माथिको छलफल समाप्त भएकोले आजको बैठक समापन गरियो ।

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

किरण राई
अध्यक्ष